नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- ८३

मितिः २०८२/०६/२९

विषयः सूचना टाँस तथा आवश्यक समन्वय सम्बन्धमा।

श्री बर्दघाट नगरपालिका, नवलपरासी (ब.सु.प)।
श्री रामग्राम नगरपालिका, नवलपरासी (ब.सु.प)।
श्री सुनवल नगरपालिका, नवलपरासी (ब.सु.प)।
श्री सुस्ता गाउँपालिका, नवलपरासी (ब.सु.प)।
श्री पाल्हिनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प)।
श्री प्रतापपुर गाउँपालिका, नवलपरासी (ब.सु.प)।
श्री सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प)।

श्री सूचना प्रविधि अधिकृत
website र facebook
पेज मार्फत सूचना सार्वजनिक
गरिदिनुहुन
६/३०

प्रस्तुत विषयमा यस कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीको कार्यक्षेत्र रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन क्षेत्र भित्र चालु आ.व. ०८२/८३ को लागि आवेदन प्रस्ताव आवहान गर्दा स्वीकृत लक्ष्य नपुगेकाले विभिन्न कार्यक्रमहरुको प्रस्ताव आवहान सम्बन्धी सूचना पुनः प्रकाशन गरिएकाले कार्यक्रम कार्यान्वयन म्यानुअल, २०७७ प्रथम संशोधन, २०८१, बमोजिम योग्यता पुगेका इच्छुक कृषक समुह/सहकारी/फर्म/ कम्पनी/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिले आवश्यक कागजात सहित प्रस्ताव पेश गर्न तथा न्यूननतम समर्थन मूल्यमा धान खरिद गर्न चाहने सहकारी संस्था सूचिकृत हुनको लागि आवश्यक कागजात सहित मिति २०८२/०७/१२ गते भित्र सूचिकृतको लागि निवेदन पेश गर्न सूचना प्रकाशन भएको (सूचनाहरुको छायाँप्रति संलग्न रहेको) र सूचना प्रवाहमा तहाँ स्थानिय तहको भूमिका मुख्य हुने हुदाँ तहाँ कार्यालय तथा वडा कार्यालयहरुमा सूचना टाँस गरेर आवश्यक सहजीकरण, समन्वय र सहकार्य गरी सो को जानकारी समेत पठाइदिनुहुन निर्देशानुसार अनुरोध छ।

.........................
दिना बन्दु पौडेल
कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-

चलानी नं. :-

## न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न चाहने सहकारी संस्था सूचिकृत सम्बन्धी सूचना

सूचना नं. १४/२०८२/८३

सूचना प्रकाशित मितिः २०८२/०६/२९

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/०४/२६ को निर्णयानुसार चालु आ.व. २०८२/८३ को लागि मोटा धानको प्रति क्वीन्टल रु ३४६३.८१/- र मध्यम धानको प्रति क्वीन्टल रु ३६२८.३३/- न्यूनतम समर्थन मूल्य तोकिएकाले रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भित्रका इन्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" मा भएको प्रावधान बमोजिम निर्देशिकामा उल्लेखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको १५ दिन भित्र मिति २०८२/०७/१२ सम्म यस कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. रितपूर्वक सहितको सूचिकृत निवेदन।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. सहकारी संस्थाको आधिकारीक व्यक्तिको नागरिकताको प्रतिलिपी।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम र पछिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम ।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र।
८. धान खरिदका लागि आवश्यक रकमको स्रोतको विवरण।
९. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
१०. धान खरिद, ढुवानी, भण्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण।
११. धान खरिद बिक्रिको लागि आवश्यक अन्य विवरण।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०५३३९१ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## प्रस्ताव आहवान सम्बन्धी सूचना

सूचना नं. १३/२०८२/८३

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०६/२९

यस एकाइको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्षित रुपन्देहीको आलु जोन क्षेत्र र नवलपरासी ब.सु.प.को गँहु जोन क्षेत्रमा तपसिलको कार्यक्रम सञ्चालन गर्न यस एकाइमा सुचिकत भएका कृषक/सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको १५ दिन भित्र मिति २०८२/०७/१२ (प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने) सम्म आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र, प्रस्तावको लागि न्यूनतम मापदण्ड, अनुदानको सिमा तथा सर्तहरु लगायतका अन्य आवश्यक थप जानकारी कार्यालयको बेवसाइटमा रहेको कार्यक्रम कार्यान्वयन म्यानुअल (साविकको परियोजना कार्यान्वयन म्यानुअल २०८१) बाट वा कार्यक्रम कार्यान्वयन एकाइ भैरहवा, कार्यक्रम प्राविधिक एकाइ परासी तथा जोन सम्पर्क स्थल बनघुसरीमा प्राविधिकसँग प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

तपसिल:

| क्र.स. | कार्यक्रम विवरण | इकाई | लक्ष्य संख्या | स्वीकृत बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| आलु जोन क्षेत्र तथा सो आसपासका क्षेत्र, रुपन्देहीको लागि मात्र | | | | | |
| १ | बीज वृद्धि कार्यक्रम | ३० | हेक्टर | २७ | बीउ उत्पादन तथा विक्रि वितरण इजाजत पत्र लिएको वा सो संस्थासँग सम्झौता गरेका बीउ उत्पादक संस्थालाई बढीमा ५०% अनुदान |
| गँहु जोन क्षेत्र, नवलपरासी (ब.सु.प.) को लागि मात्र | | | | | |
| १ | बिज वृद्धि कार्यक्रम | ४० | हेक्टर | ३ | बीउ उत्पादन तथा विक्रि वितरण इजाजत पत्र लिएको वा सो संस्थासँग सम्झौता गरेका बीउ उत्पादक संस्थालाई बढीमा ५०% अनुदान |
| २ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | २०० | हेक्टर | ११.५ | उन्नत प्रविधि अवलम्बन गर्न चाहनेहरुलाई मात्र बढीमा ५०% अनुदान |

आवश्यक कागजातहरु

१. रु १० को हुलाक टिकट टाँसेको निर्धारीत ढाँचाको आवेदन र रीतपूर्वक भरेको प्रस्ताव फारम ।
२. कृषक समूह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/ कृषि फर्म/कम्पनीको बैठकबाट सूचिकृतको लागि कागजात पेश गर्ने निर्णयको प्रतिलिपि ।
३. कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/ कृषि फर्म/कम्पनीको नविकरण सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।
५. कृषक समूह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि फर्म/कम्पनीको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।
६. लागत साझेदारी गर्ने कार्यक्रमको लागि लागत साझेदारीको प्रतिबद्धता पत्र
७. कार्यक्रम सञ्चालनको लागि कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजातको प्रतिलिपि (भाडाको जग्गा लिएको भए जग्गा धनीसँग कम्तिमा ५ वर्षको सम्झौता को प्रतिलिपि र उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण पूर्वाधार निर्माण तर्फ प्रस्तावित संस्थाको नाम रहेको जग्गा धनि पूर्जाको प्रतिलिपि)

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८६०३३९६९२, ९८६६१७५२४९ मा सम्पर्क राख्नु हुन अनुरोध छ।